केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/५०/०६६/६७ मिति : २०६७/०३/३२

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

विषयः- एकीकृत निर्देशन, २०६६ खारेज गरी एकीकृत निर्देशन, २०६७ लागू गरिएको सम्बन्धमा ।

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई यस अघि जारी गरिएको एकीकृत निर्देशन, २०६६ तथा सो पश्चात आर्थिक वर्ष २०६६/६७ को आषाढ ३१ गतेसम्म जारी भएका परिपत्र नं. १ देखि परिपत्र नं. ४९ सम्मलाई समायोजन एवं खारेज (तपसील बमोजिमको बुँदा नं. ७ को अवस्थामा बाहेक) गरी केही विषयगत संशोधन, शीर्षक मिलान, वित्तीय विवरणको ढाँचामा संशोधन लगायत तपसीलमा भएका थप नीतिगत व्यवस्था सहित २१ वटा शीर्षकमा समेटिएको **"यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६७"** शीर्षकको एकीकृत निर्देशन, २०६७ मिति २०६७/०४/०१ देखि लागू हुने गरी जारी गरिएको हुँदा यसैसाथ संलग्न एकीकृत निर्देशन, २०६७ बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु ।

भवदीय,

(सुशिलराम माथेमा)
कार्यकारी निर्देशक

तपसीलः

१. यसपूर्व इजाजतपत्रप्राप्त "क", "ख", "ग" र राष्ट्रियस्तरका "घ" वर्गका संस्थालाई मात्र साधारणसभाको स्वीकृति (AGM Clearance) लिनुपर्ने व्यवस्था गरिएकोमा अब सम्पूर्ण संस्थाले लिनुपर्ने व्यवस्था गरिएको छ । "घ" वर्गका संस्थाले समेत यस बैंकको स्वीकृति लिएर मात्र वित्तीय विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

२. एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक हुन नपाइने विद्यमान व्यवस्था एउटा संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त संस्था तथा सहकारी ऐन, २०४८ अन्तर्गत संचालित ऋण तथा बचत सहकारी संस्था समेतको सञ्चालक हुन नपाइने थप व्यवस्था कायम गरिएको छ ।

३. इजाजतपत्रप्राप्त संस्थाले कर्जा सूचना केन्द्रबाट कालो सूचीमा रहे/नरहेको सूचना लिई धितो मूल्यांकनकर्ताको सूची कायम गर्नु पर्ने नयाँ व्यवस्था गरिएको छ ।

४. कुनै ऋण २ वर्षभन्दा बढी अवधिले भाखा नाघेको अवस्थामा समेत ऋणीलाई कालोसूचीमा समावेश नगरिएको भए सो को स्पष्टीकरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र यस बैंक समक्ष पेश गर्नु पर्ने व्यवस्था गरिएको छ ।

५. "ग" वर्गको इजाजतपत्रप्राप्त वित्त कम्पनीले स्वीकृत कार्यक्षेत्रको अधीनमा रही नयाँ शाखा कार्यालय खोल्ने सम्बन्धमा आवश्यक न्यूनतम चुक्ता पुँजी रु. ५ करोड रहेकोमा विद्यमान नीतिगत व्यवस्था बमोजिम रु. २० करोड हुनुपर्ने व्यवस्था गरिएको छ । (निर्देशन नं. १४.१ ख (ए) मा व्यवस्था भए बमोजिम)

६. एकीकृत निर्देशन, २०६७ मा सहायक कम्पनी सम्बन्धी व्यवस्थालाई इ.प्रा.निर्देशन नं. २० कायम गरी विपन्न वर्गमा कर्जा प्रवाह गर्न इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका संस्थाले "घ" वर्गको सहायक कम्पनी स्थापना गर्न सक्ने तथा मर्चेन्ट

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

बैंकको सहायक कम्पनी स्थापना गर्न सक्ने व्यवस्थालाई यस शीर्षकमा समावेश गरिएको छ ।

७. एकीकृत निर्देशन, २०६६ को विविध व्यवस्था सम्बन्धी निर्देशनमा यस अघि समावेश भएका कालोसूची सम्बन्धी कारवाही र फुकुवा सम्बन्धी निर्देशन/परिपत्र तथा अनुसूचीहरु, Tamil Rehabilitation Organization, TRO सम्बन्धी परिपत्र तथा सो सम्बन्धी अनुसूचीहरु, सहकारी र वित्तीय मध्यस्थता गर्ने गैर सरकारी संस्थाहरुलाई जारी निर्देशन एवं एकपटक मात्र प्रयोगमा आई प्रभाव समाप्त हुने प्रकृतिका परिपत्रहरु यस निर्देशनबाट हटाई सम्बन्धित पूर्व परिपत्र/निर्देशनहरु (यस बैंकको Website:www.nrb.org.np मा समेत उपलब्ध भएको) बाटै लागू हुने व्यवस्था गरिएको छ ।

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।